# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक


सुचना, विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै www.missionenews.com अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।


वर्ष-२ | अंक-३४ | २०७४ फागुन २३ गते बुधबार | 07 March 2018 Wednesday | मूल्य रू. १०/-


# भन्सार छ्लेर सेटिङमा करोडौं मुल्यको तामा कर्णालीमा

**पवित्रकुमार शाही**

**कालिकोट**–भन्सार राजस्व छलेर करोडौंका तामा भाडाँ कर्णाली भित्राइएका छन् । नेपाल र भारत सिमा क्षेत्रमा पर्ने नेपाली भन्सार कार्यालयसंग मिलिमतो गरि तामा नेपाल भित्राइएको हो । विशेषगरी नेपालको पश्चिम नाकाबाट तामाका भाँडा भन्सार राजस्व छली गरेर कर्णालीतिर ब्यापारिले ल्याउने गरेका छन् । भन्सार छली गरेर कर्णाली पुगाएका तामा भाँडा महंगो मूल्यमा गाउँमा विक्री हुने गरेको पाइएको छ । कर्णालीको कालिकोटमा मात्रै एउटा स्थानीय तहमा प्रति महिनामा ५ सय भन्दा धेरै तामाका भाँडा विक्री हुने गरेका छन् ।

भन्सार कर्मचारीसंगै मिलेर कर्णालीमा तामा भाँडा भित्राउने गरेको एक व्यापारि ले बताए । उनले भने, 'भन्सारमा बसेका कर्मचारीलाई रुपैयाँका बुजा नहालेर सामान ल्याउनै गाह्रो हुन्छ । बैतडीको झुलागाड नाकाबाट कर्मचारीसंग मिलेर नै तामा भित्रायौं ।' कालिकोटमा हाल डडेलधुराका सयौं व्यापारीले तामाका भाडाको गोदाम बनाएर विक्री गर्ने गरेका छन् । पश्चिम नाकाबाट राज्यले मासिक करोडौं भन्सार कर गुमाएको छ । कालिकोट पचालझरना – ३ का स्थानीय अली ऐडीले ६० हजार रुपैयाँ हालेर एक तामाको ताउँला किने । तर, उनलाई त्यो ताउँलाको कति खरिद मुल्य पर्छ थाहा छैन् । ऐडिले भने, 'घरमा धेरै आवश्यक भएकाले ताउँला किनेको हुँ । ताउला त निकै मंगो नै रहे छ ।' व्यापारीले भारतको गौरीखण्टाबाट तामा ल्याउने गरेको सुनाए । नेपाल र भारत सिमामा पर्ने व्यापारिक नाकाकमा राजस्व छली भएकै कारण अर्थतन्त्रमा ठुलो प्रभाव परिरहेको छ । नेपालका भन्सारले नै यसरी राजश्व नलिएरै तामा भित्राउने गरेको छ । अहिले भार तबाट सामान आयात गर्ने नेपाली भन्सार राजस्व छली गर्ने काम भएको छ भने अर्कोतिर भन्सारबाट सामान ल्याएर चोरी तस्करीलाई बढवा दिन थालिएको स्थानीयले बताएका छन् । पछिल्लो समय नेपाली व्यवसायीले भार तका व्यापारीसँग मिलेर यथार्थभन्दा फर क बिल बनाएको आशंका उपभोक्ताले गरेका छन् । भारतीय व्यवसायीको मिलेमतोमा जिएसटीको नक्कली बिल बनाइएको हो वा कम मूल्य राखेर



भन्सार राजस्व छलेर कालिकोट ल्याइएका तामा भाँडा

व्यवसायीले वास्तविक कारोबारको बिल ल्याएका छैनन् । भारतको थोकबजार मूल्यभन्दा धेरै कम मूल्यमा नेपाली व्यवसायीले सामान किनेको बिल भन्सार कार्यालयमा पेस गरेका छन् । र ाज्यले अर्बौ राजस्व गुमाउने अवस्था आएको भए पनि राज्यले वास्था नगरेको कानुन व्यवसायी अमलराज शाहीले बताए । नक्कली बिल बनाउन नसक्ने वा नमिल्ने व्यवसायीले मुख्य भन्सार नाकाबाट सामान नल्याएर छोटो दुरीको भन्सार नाका प्रयोग गर्न थालेका छन् । यसले गर्दा तामा भाँडा आयातमा बनाउने गरिएको छ भन्ने विषयमा सर कार अझै अनविज्ञ छ । धेरैजसो महाकालीका बैतडीको झुलागाड नाका, महेन्द्रनगरको वनवासा र दार्चुलाबाट भारतको सामान नेपाल भित्रिने गरेको छ । व्यापारील भन्सार नाकाबाट चोरी तस्करी गरी आयात गर्न थालेकाहुन् । चोरी तस्करी गर्न व्यापारीलाई सजिलो भएता पनि भने सरकारले करोडौं राजस्व गुमाएको उद्योग बाणिज्य संघ कालिकोटका अध्यक्ष सुर्यबहादुर शाहीले बताए । र ाजस्व संकलन हुन नसकी कालोबजारी

**बाँकी ८ पृष्ठमा..**

## माथिल्लो कर्णालीको पीपीए भएन

**सुर्खेत** –निर्माणपूर्वका तयारी सम्पन्न गर्न नसक्दा सरकारले पटकपटक म्याद थप्दै आएको माथिल्लो कर्णाली आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) अझै हुन सकेको छैन । नौ सय मेगावाटको माथिल्लो कर्णाली आयोजनाको ड्याम साइट ।जग्गा अधिग्रहणमा ढिलाइको कारण देखाउँदै विकासकर्ता भारतीय कम्पनी जीएमआर ले पीपीए गर्न नसकेको जनाएको छ । माथिल्लो कर्णालीमा उत्पादित विद्युत् भारत निर्यात गर्ने उद्देश्यले निर्माण गर्न लागिएको ९ सय मेगावाट आयोजनाको पीपीए नहुँदा जीएमआरले लगानी जुटाउन सकेको छैन । पीपीए गर्ने दायित्व जीएमआरकै हो। विदेशी बैंकहरू लगानी गर्न तयार भए पनि जीएमआर ले पीपीए गर्न ढिलाइ गरिरहेको आरोप छ । ०१९ सेप्टेम्बरसम्म निर्माणपूर्वका सबै तयारीहरू पूरा गर्ने प्रतिबद्धतासहित लगानी बोर्डले पछिल्लोपटक जीएमआर को म्याद थपेको हो ।

उक्त अवधिमा कम्पनीले वित्तीय समापन (फाइनान्सियल क्लोजिङ) का सबै आधार भूत कार्यहरू सकिसक्नुपर्छ । 'विद्युत् खरिद सम्झौता बिना विकासकर्ताले ऋण सहायता पाउन सक्दैन,' लगानी बोर्डका एक अधिकारी भन्छन्, 'सरकारले वन र जग्गाको अडचन सुल्झाइदिए पनि मुआब्जा रकम वितरण गर्न सकिरहेको छैन । यसले गर्दा स्थानीयस्तरमा झन् संशय पैदा गराएको छ ।' जीएमआरले हाल किस्ता बन्दीमा मुआब्जा वितरण गरिरहेकोछ । कर्मचारीहरू मुआब्जा दिन नसक्नेले आयोजना के बनाउला ? भन्ने प्रश्न उठ्न थालेको बताउँछन् । विद्युत् खरिद सम्झौता (पीपीए) भनेको उत्पादित बिजुलीको बजार ग्यारन्टी हो । भारत, बंगलादेशमा माथिल्लो कर्णालीको बिजुली बेच्ने जीएमआरको योजना छ ।

# एनआइसी यसियाको यटियम सेवा

**मिसन न्यूज**

**कालिकोट** –एनआइसी यसिया बैंक शाखा कालिकोटले यटियम सेवा सूरु गरेको छ । जिल्लामा बैंक शाखा स्थापना भएको एक वर्ष पार गरी दुइ बर्षमा प्रवेश गरेको अवसरमा यटियम सेवा सुरु भएको हो । खाँडाचक्र ननगरपालिका मेयर जसीप्रसादद पाण्डेले रिवन काटेर यटियमको उद्घाटन गरेका हुन् । मेयर पाण्डेले यटियम कार्डबाट पैसाँ झिकेर बैंक परिवारलाई शुभकामना दिएका थिए । बैंकको यटियम



उद्घाटन गर्दै आगामी दिनमा ग्राहकलाई सहज ढंगले यटियम यटिम कार्ड निशुल्क उपलब्ध गराइने भएको छ । बैंकले मोवाईल बैंक र इन्टरनेट बैंक निशुल्क गरेको शाखाले जनाएको छ । एनआइसी यसिया बैंक नेपाल राष्ट्र बैंकबाट 'क' बर्गको मान्यता प्राप्त बैंक हो । एनआइसी यसिया बैंक लिमिटेडले देशका १८० वटै शाखाबाट चेक लिन सकिने व्यवस्था गरेको शाखा प्रबन्धक भण्डारीले बताए । देशका जुनसुकै शाखाबाट भए पनि कारोबार गर्न सकिने बताइएको छ । देशव्यापी राम्रो बजार लिएको बैंकले जिल्लामा यटियम सेवा दिनेमा द्रोस्रो बैंक हो ।

## सम्पादकीय

### स्थानिय सरकार अन्योलमा

स्थानीय तहमा जनप्रतिनिधि आएको झन्डै १० महिना बित्न लाग्दा पनि उनीहरुले कामको मेसो समात्न नसक्दा स्थानीय सरकारको कामकारबाही प्रभावकारी हुन सकेको छैन । बरु, विकास निर्माणका अनेकौं सपना देखाउँदै स्थानीय सरकारको नेतृत्वमा पुगेका जनप्रतिनिधिले अधिकांश समय रिबन काट्न र अतिथि बन्नमै बिताउने कार्य कुनै हिसाबले पनि स्थानीय सरकारको नेतृत्वका लागि सुहाउने विषय होइन । त्यसो त जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाका विभिन्न वडामा दिनहुँजसो कुनै न कुनै औपचारिक कार्यक्रम आयोजना भइ नै रहन्छन् । तर, ती सबै कार्यक्रममा स्थानीय सरकारका सबै प्रतिनिधि जानैपर्छ भन्ने छैन । घन्टौंसम्म यस्तै कार्यक्रममा अलमलिँदा स्थानीय गाउँठाउँमा गर्नुपर्ने विकास निर्माणका काम हुन् वा सेवाग्राहीका अन्य काममा ध्यान पुग्न सक्दैन । यस्तो अवस्थामा कार्यक्रमअनुसार प्रमुख, उपप्रमुख वा अन्य प्रतिनिधि जाने व्यवस्था मिलाउन सक्यो भने जनताको सुझाव पनि प्राप्त भई स्थानीय सरकारले गर्नुपर्ने अन्य काम प्रभावकारी हुन सक्छ । अर्थात् स्थानीय सरकारका प्रतिनिधिले जनताको बीच भाषण गर्ने मात्र होइन । आफूखुसी विदेश भ्रमणमा जाने प्रवृत्ति बढेको कुरालाई नकार्न सकिँदैन ।

# कर्णालीको बदल्नुपर्ने विम्ब

**विनोद शाही**

राष्ट्रिय योजना आयोगले हालै सार्वजनिक गरेको एक तथ्यांक अनुसार प्रदेश नम्बर ६ का सबैभन्दा धेरै नागरिक गरीब रहेको देखाइएको छ । उक्त तथ्यांक अनुसार यहाँका ५१ दशमलव २२ प्रतिशत नागरिक गरीबीको रेखामुनि छन् । यही सन्दर्भमा यसै साता काठमाडौंको एक जना साथीसँग कर्णालीबारे फेसबुकमार्फत कुराकानी भइरहँदा उसको बुझाइमा कर्णालीको जुन विम्ब झल्किन्थ्यो, त्यसले मलाई सोचमग्न बनायो । उसको बुझाइमा कर्णालीको विम्ब अत्यन्तै कमजोर, समस्याग्रस्त, अक्षम र परनिर्भर थियो । सुर्खेतबाट गएर काठमाडौंमा उच्च शिक्षा अध्ययन गर्दै गरेको उक्त साथीको बुझाइले मलाई यो लेख लेख्न प्रेरित गरेको हो । पहिले शहरलाई चामल बेच्ने कर्णाली अहिले शहरको चामल आयात गरेर खान्छ । शहरले चामल नपठाए ऊ भोकै पर्छ, भोकमरी फैलिन्छ । यो विडम्बनापूर्ण अवस्था हो । यही अवस्था पढेर, देखेर र बुझेर हुर्किएको मेरो साथीको कर्णालीबारेको बुझाइप्रति मेरो आपत्ति पनि होइन ।

उसले जस्तै अधिकांशले कर्णालीलाई यसरी नै बुझेका छन् । तर यो लेखको आशय हो, उक्त बुझाइलाई मेरो साथी र उसले जस्तै गरी बुझेका सबैले बदल्नु जरुरी छ । त्योभन्दा बढी जरुरी छ, उनीहरुको बुझाइ बदल्नेगरी हामीले कर्णालीलाई बदल्नु, उसको गुमेको वैभव फिर्ता ल्याउनु र विगतको आत्मनिर्भरतालाई पुनः ब्यूँझाउनु । कर्णाली खाद्यान्नमा आत्मनिर्भर थियो कुनैबेला, यो सत्य हो। जुम्लाका ७१ वर्षीय पदम रोकायाले केही समयअघि सुर्खेतमै भएको भेटका क्रममा भन्थे, 'कर्णालीमा एकै घरमा एक सयभन्दा बढी त भेडा पालिएका हुन्थे ।' भेडा बहुउपयोगी प्राणी हो । जसलाई मासुका लागि प्रयोग गर्न सकिन्छ । त्यसको ऊन बिक्री हुन्छ । ऊनबाट बनेका कपडाको माग जतातत्तै छ । भारी बोक्नका लागि पनि यसको उपयोग गर्न सकिन्छ । शहरहरुमा मासुकै लागि पनि भेडाको माग बढ्दो छ । तर, भेडा पालनका लागि पकेट क्षेत्रको रुपमा रहेको कुनैबेलाको कर्णालीमा अहिले भेडा पाल्ने पेशा नै विस्थापित हुँदै गएको छ । महँगो मूल्यमा बिक्री हुने र स्वास्थ्यका लागि अति नै फाइदाजनक मार्सी धान कर्णालीकै उत्पादन हो । तर, यो धान नै लोप हुने अवस्थामा पुगेको छ । शहरबाट आयातीत चामलले मार्सी धानलाई विस्थापित गर्दै लगेको छ भने कर्णालीवासीलाई परनिर्भर बनाउँदै लगेको छ । यो चामलको उत्पादनसँगै उपयोग भने दिनप्रतिदिन घट्दो छ । सिमी, फापर, कोदो, भटमास लगायतका अति महत्वपूर्ण खाद्य उत्पादनमा कर्णाली अग्रस्थानमा थियो । तर, अब यस्ता खाद्य उत्पादन अति नै न्यून भइसकेको छ ।

तेल उत्पादनमा आत्मनिर्भर मात्र होइन, निर्यातमा पनि अगाडि थियो, कर्णाली । घरघरै तोरी, आरु, फर्सी, ओखर लगायतबाट तेल उत्पादन गरी सुर्खेत, नेपालगन्ज, धनगढी लगायतका शहरमा बेच्न लगिन्थ्यो । अहिले बजारबाट तेल नकिनी कर्णालीमा तरकारी पाक्दैन । आम्दानीको स्रोत एक होइन, अनेक थिए । भेडा, च्यांग्रा बेचिन्थे, पैसा आउँथ्यो । भेडाको ऊनबाट बनेका राडीपाखी पनि उस्तै बिक्री हुन्थ्यो, पैसा नै आउँथ्यो । दाल, तेल, घ्यू, मह, मार्सी धानको चामल लगायत बेच्नलाई अनेक थोक थिए, जसबाट मस्त आयआर्जन गर्न सकिन्थ्यो । कर्णालीले आफ्नो वैभव भुल्यो । उत्पादनलाई बिर्सेर आयातीतमा बानी बसाल्यो । सरकारले अनुदानका नाममा दिने चामलमा रमाएर आफ्नै खेतमा उत्पादन हुने मार्सी चामल भुल्यो । कर्णालीबाट भेडा र खच्चरमा बोकाएर सुर्खेत तथा नेपालगन्ज ल्याएर त्यहाँबाट काठमाडौं पुर्‍याइने मार्सी चामलको इतिहास एकादेशको कथा बन्यो, अहिले त सुर्खेत र नेपालगन्जबाट हेलिकोप्टरमा चामल बोकेर कर्णालीमा बाँडिन थालियो । कर्णालीमा फालाफाल हुने चिजवस्तुहरु अन्य शहरी क्षेत्रमा टिपाटिप हुन्थ्यो । माग पूरा गर्नै हम्मेहम्मे थियो। सिमी, बोडी, गहत, कोदो, जौं, आलु, मकै, भटमास, स्याउ, सुन्तला सबै बिक्री हुन्थ्यो । शहरहरुमा कर्णालीबाट आएका सामानको छुट्टै सान थियो । लुछाचुँडी नै हुन्थ्यो । तर, अहिले कर्णालीको यो विगत सुन्दा एकादेशको कथा सुनेजस्तै लाग्छ । बूढापाकाहरु भन्छन् 'आम्दानीको तुलनामा खर्च कम थियो ।' अलिक धेरै आम्दानी गर्नेहरुले त्यतिबेलै सुर्खेत, नेपालगन्ज, धनगढी, टीकापुर, कोहलपुर लगायतका शहरी क्षेत्रमा धमाधम बिघाका बिघा जमिन जोडे ।

सुर्खेतमा अहिले बसोबास गरिरहेकामध्ये करिब ४० प्रतिशत मात्रै यहाँका स्थायी बासिन्दा हुन् भने करिब ६० प्रतिशत दैलेख, जाजरकोटसहित कर्णालीका विभिन्न जिल्लाबाट बसाइँ सरेर आएकाहरु नै हुन् । समय बित्दै गयो । राजनीतिक परिवर्तनहरु भए । राज्य विभिन्न स्वरुपमा विस्तार हुँदै गयो । क्षेत्र, अञ्चल, जिल्ला छुट्टिए । राज्यले विकास-निर्माणका काम अघि बढायो । कर्णालीको विकासका लागि काठमाडौंमा योजना बनाइए । तर, राज्य (काठमाडौं)ले कर्णालीको वैभवलाई हेरेन, कर्णालीको भूगोललाई मात्रै देख्यो । विकटता मात्रै चिन्यो । नेताहरुले कर्णालीको विकासको भजन गाए । चुनावी नारा बनाए । सिमीको दालको ठाउँमा बजारिया चामल र दाल पुर्‍याउनु बुझे । निर्यातलाई विस्थापित गर्नेगरी आयातमा जोड दिए।


मिसन न्यूज

राष्ट्रिय साप्ताहिक

MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित

सम्पादकः पवित्र शाही

प्रवन्ध सम्पादकः निर्मला शाही

सह–सम्पादकः पंखबहादुर मल्ल

कम्प्युटर अप्रेटरः दिलिपकुमार शाही

बजार ब्यवस्थापकः विक्रम शाही

कार्यालयः खाडाचक्र नपा–१ कालिकोट

इमेलः missionnewsp@gmail.com

फोन नं. ०८७–४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म–५ कालिकोट

www.missionenews.com



क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# छाउ बार्नु, देउता खुशी पार्न हैन

डीबी विष्ट

**बझाङ** - महिनावारी भएको समयमा घरभित्रै बस्नु त टाढाको कुरा, केही वर्ष अघिसम्म घरको आँगन समेत छुन पाउँदैनथेँ तल्कोट गाउँपालिकाका महिलाहरू। तर अहिले यहाँका अधिकांश महिलाहरू महिनावारी भएका बेला आफ्नै घर भित्रै बस्न थालेका छन् । महिनावारी हुँदा ५र७ दिनसम्म गाउँ भन्दा ५र६ सय मिटर टाढा बनाइएका साँघुरो गोठमा बस्दै आएका उनीहरू अहिले घरभित्रै बस्न पाएपछि निकै खुसी छन्। यो अन्धविश्वास उनीहरु आफैले चिरेपनि त्यति सजिलो भने थिएन । चाँदनी बम तल्कोट गाउँपालिकाकै पहिलो महिला हुन्, जसले महिनावारी भएको बेला घरभित्रै बस्ने आँट गरिन्। ३५ बर्षिया बमलाई शुरुमा निकै डर लागेको थियो, 'कतै देउता रिसाउने हुनकि' भनेर । 'दुई बर्ष भयो बार्न छाडेको, तर त्यस्तो केही भएन।' उनले भनिन्। उनलाई श्रीमान र परिवारका अन्य सदस्यले नि साथ दिए । 'शुरु शुरुमा निकै डर लाग्यो नि, कतै देउता रिसाएर अनिष्ट गर्ने हुन्कि भनेर, एउटा छोरीकी आमा समेत भैसकेकी बमले भनिन्–'अब चही ढुक्का भयौं, छाउ बार्नु अन्धविश्वास मात्र रहेछ, थाहा भयो ।' महिनावारी भएका बेला गोठ जान छाडेपनि पूजा गर्ने ठाउँ र भान्सा भने छुने आँट नभएको उनले बताइन्। 'सँगै खाने, बस्ने, काम गर्ने गर्छौं, तर पुजाआज चै बार्ने गरेकी छु।' बमले भनिन्। तल्कोट गाउँपालिकाकी प्यारु देवि बमले महिनावारी भएको बेला घरै बस्ने र गाईभैसीको दूध खान थालेपछि केही महिना अघिसम्म गाउँलेको निकै खप्की व्यहोर्नुपऱ्यो । 'यसले देवी देउतालाई समेत राम्रोसँग चिनेन, देवी देउता रिसाउने भए । यसको बंश नै नास हुने भयो। यो त पागल भइसकी



तल्लोकोटमा रहेको छाउगोठ

जस्ता अनेक आरोप लगाए, डर देखाए।' तर गाउँमा आफ्नो विरुद्ध जे जस्ता कुरा गरे पनि उनले सुनेको नसुने जस्तो गरिन्। जब तल्कोट गाउँपालिका १ सुनिकोटले वृहत कार्यक्रम गरि आफू जस्तै अन्य गाउँका महिलाहरूलाई छाउपडी प्रथा त्यागेको भन्दै दोसल्लासहित सम्मान गरे, त्यसपछि त महिनावारी भएका बेला घरभित्रै बस्ने महिलाहरूको संख्या बढ्दै गएको प्यारुले बताइन्।

### छाउगोठ

छाउगोठमा बस्दा अनेक समस्या झेल्नुपऱ्यो । पानी पर्दा ओत लाग्ने ठाउँ हुन्नथ्यो । ढोका समेत राम्रोसंग नलाग्ने, कोही घर भित्रै आएको खण्डमा के गर्ने भन्ने चिन्ताले सताई रहन्थ्यो । जति अध्यारो हुन थाल्यो । त्यति नै मनमा आजको रात कसरी काट्ने ? र ाती के के हुने हो ? कतै स्यालले पो टोक्छ की सर्पले पो टोक्छकी, बाघ, भालुले पो खान्छकी वा लोग्ने मान्छे आएर इज्यत पो लुट्ने होकि, यस्तै यस्तै सोच्दा सोच्दै मानसिक तनावमा रात विताउनुपरेको प्यारुले सुनाइन्। उनका अनुसार केही महिलाको छाउगोठमा बस्दा सर्पले डसेर मृत्यु समेत भएको थियो। अहिले घरभित्रै बस्न थालेपछि त्यस्तो चिन्ताबाट मुक्त भएको उनको अनुभव छ। उनले भनिन् 'अहिले त पुर्नजन्म पाएजस्तो लाग्छ।' उनी जस्तै अहिले १८ जना भन्दा बढी महिला खुलेर छाउपडी प्रथा तोड्ने अभियानमा लागेका छन्। सरकारी तथा गैर सरकारी संस्था र स्थानीय रेडियोहरूले महिनावारीबारे सचेतनामूलक तथा सकारात्मक कुराहरू दिन थालेपछि महिनावारी हुनुलाई यहाँका महिलाहरूले सामान्य रुपमा लिन थाले । यसले गर्दा महिलाहरू स्वयम् साहसपूर्वक खुलेरै छाउपडी प्रथाको विरोध समेत गर्न थाले।

### ३५ वर्ष गोठमा

तलकोट गाउँपालिका, १ बेडालाकी नामसरा बम्म १४ वर्षको उमेरमा पहिलो पटक छाउ (महिनावारी) भइन्। उनले जीवनका ३५ वर्ष हरेक महिनाको ७ दिन गोठ मै बसेर बिताइन् । गोठमा बस्दा उनले भोगेको दुख भनि साध्य छैन। कसैले दिएन भने तिर्खा लागेको बेला पानी पनि खान पाइनन्। लामो समय गोठमा बसेका कारण चिसो लागेर अहिले पनि उनका हात खुट्टा सुन्निने गर्छन् । कति दिन त गाउँमा भएको छाउपडी गोठ भत्किदा पुस माघको कठ्यांग्रिने चिसोमा समेत खुला आकाशमुनि पाल टाँगेर बस्नु परेको थियो । नाम मात्रका ती पालहरूबाट आकासबाट पानी पर्दा त परै जाओस् सित समेत तपतप चुहिन्थ्यो। त्यो दिन सम्झँदा त अहिले पनि शरीर नै काँप्छ । आङ जिरिङ्ग हुन्छ। गाउँ भन्दा टाढा भएको एक मात्र साँघुरो गोठमा कहिले गाउँका धेरै महिलाहरू सँगै छाउ हुँदा बस्ने ठाउँ हुन्नथ्यो । अनि गोठबाहिर पाल टाँगेर समेत सुतिन्थ्यो । कहिले एक्लै हुनुपर्दा डराइडराई रात बिताउनु पर्ने। वर्षातको समयमा पालमुनि बस्दा शरीर मै सर्प खसेको, कमिलाले टोकेको, मदिरा सेवन गरेको बहानामा गाउँकै लोग्ने मान्छेहरूले छाउ गोठमा गिद्धे नजर लगाएको जस्ता तिता अनुभव नामसरा बम्मसँग छन् । 'कहिले काँही एक्लै महिनावारी हुँदा त रुखको पात खसे पपनि साँतो जान्थ्यो । हातमा एउटा हसीँया हुन्थ्यो । सुनसान रात त्यही हसियाँको साहाराले काटीयो। दुई⁄चार जना साथीसंगै छाउ भएको बेला मात्रै एकको भर एक मानेर हाँस्दै बोल्दै रात काटउथे।'

### नातिनीका लागि विद्रोह

महिनावारी भएको समयमा घर नजिक आउँनु हुदैन। पानीका धारा छुनु हुदैन। देउता रिसाएर अनिष्ठ हुन्छ भन्ने मान्यताले जरो गाडेको समाजमा सुरुमा घरभित्र बस्दा साँच्चै केही भइ पो हाल्छ की ! समाजले के भन्ने हुन् भन्ने पिर पनि कम थिएन। तर वर्षौंसम्म गोठमा बिताएका दुखद् क्षणहरूले उनलाई पनि हिम्मत जुराउँन बाध्य बनायो। तल्कोट गाउँपालिका १ भाटगाँउकी डल्ली विक छाउ भएको बेला आफूले भोगेको पीडा नातिनीलाई भोगाउँन चाहन्नन्। त्यसैले आफूले आफ्नो लागि गर्न नसकेको विद्रोह उनी नातिनीका लागि गरिरहेकी छन्। 'मेरो घरमा अरु कोही पनि छैनन् । सम्पतीका नाममा एउटै नातिनी मात्र छे। महिला खवरबाट


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

जिल्ला समन्वय समिति
कालिकोट

## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

## मनोरञ्जन

# सकसमा सारंगीको धुन

बुद्धयौलीतिर लम्कदै गरेका लमजुङका बुद्धिमान गन्धर्वका लागि सारंगी बाजा मात्र होइन पुर्खाको इतिहास बोकेको साधन हो। पछिल्लो पुस्ता सारंगीको यो इतिहासबाट पर पर भइरहे पनि बुद्धि भने अहिले पनि सांरगीमा मिठो धुन रेट्न मन पराउँछन्। शनिबार गन्धर्व सांस्कृतिक कला संगठन र पर्यटन बोर्डले संयुक्त रुपमा आयोजना गरेको सारंगी दिवसमा पनि बुद्धिले सांरगीमा एउटा मीठो धुन बजाए। बाँसुरी वादक रामकृष्ण गन्धर्वले उनको धुनमा स्वर भरे। आज त मलाई निद्रै आएन ,ए दिदीबैनी, छोडी जाम्ला तिम्रो देश , बसिरहनु दिदीबैनी.., हो..छोडी जाम्ला तिम्रो देश ...। गाउँघरमा बिहेहुँदा बेहुलीले माइतीको आँगन छाड्ने दिन यस्तै विरह आफ्ना संगीसँग बाड्ने गर्छन्। उनले त्यही झल्कोको धुन बजाउँदा उपस्थित उही गाउँघरको रमाइलो बिहे कल्पन पुगे। युवा पुस्ताका अमृत गान्धारीले भने आफ्ना हजुरबाले गाएको गित सुनाए।, के म नेपाली हैन र ,के मलाई माया छैन र, बाजेले खामो गाडेको धुरीको डोब छैन र...। गीतमा गन्धर्व समुदायको मौलिक लोकलयसँगै त्यो समुदायको देशप्रतिको प्रेम भरिएको थियो। 'हजुरबाले गाउनु भएको गीत मैले भेटेपछि त्यसलाई सांरगीमा अभ्यास गर्न थाले,' अर्जुन गान्धारीले थपे ,'यति राम्रो गीत अहिलेको पुस्तालाई सुनाउनुपर्ने



ठानेरै गाउँछु।' अमृतले शनिबार सुनाएको गीत तीसवर्षअघि उनका हजुरबुबा होमबहादुर गन्धर्व र भिमबहादुर गन्धर्वले रेडियो नेपालमा रेकर्ड गराएका थिए। नयाँ र पुरानो पेशाको चपेटामा परेका गन्धर्वको अमृत प्रतिनिधि उदाहरण हुन्। उनलाई पिता पुर्खाको पेसा छाड्न त मन छैन तर त्यही पेशाले मात्र भविष्य पनि बनाउँदैन। उनी आफ्नो पुर्ख्यौली पेशा छाड्न विभिन्न कारणले वाध्य भएपनि सांरगी चटक्कै भने नछाडेको उल्लेख गर्छन्। 'गाउँबाट काठमाडौं आएपछि धेरै समय ठमेलको सडकमा सारंगी बजाएरै पेट पाले। पछि भारतमा म्युजिक थेरापी पढेपछि आजभोलि म्युजिक थेरापिष्टका रुपमा काम गर्छु,' अमृतले भने। संगीत कै माध्यमबाट हुने उपचारका लागि उनले सारंगीको धुनको प्रयोग गर्छन्। सारंगीको धुनलाई आधुनिक कलेवरमा प्रयोग गर्नेमा अमृत एक्ला भने होइनन् उनले जस्तै केदार गान्धारी र अनिल गन्धर्वले पनि सारंगीलाई नयाँ सन्दर्भमा पनि प्रयोग गरिरहेका छन्।

## स्वास्थ्य

# साङ्लाको कारण लाग्नसक्छ यस्ता रोग

गर्मी बढ्दैछ। गर्मी बढेसँगै लामखुट्टे, झिँगा र साङ्ला (कक्रोज)ले दुख दिन्छ। अहिले यस्ता घर सायदै होला, जसलाई साङ्लाले नसताएको होस्। साङ्ला न मारेर सकिन्छ, न धपाएर। यसले घरको विद्युतिय यन्त्रलाई बिगार्छ। फोहोर फैलाउँछ। खानेकुरालाई दुषित बनाइदिन्छ। साङ्लाजन्य फोहोरबाट खानेकुरा बचाउन गाह्रो हुन्छ। यस्तो खाना सेवन गर्दा पेटसम्बन्धि समस्या हुन्छ। त्यसैले गर्मी याममा साङ्लाको संक्रमणबाट बच्न विशेष सर्तकता अपनाउनुपर्छ। साङ्ला देख्दा हामीलाई घिन लाग्छ। तर, यो यस्तो जीवन हो, जो हजारौं, लाखौं बर्षदेखि धर्तीमा छन्। हरेकजसो घरमा साङ्ला पाइन्छ। घरको कुनाकाप्चामा साङ्ला नै साङ्ला भेटिन्छ। बेडरुम, भान्सा जताजतै साङ्ला हुन्छ। यस्ता साङ्लाले खानेकुरा दुषित बनाउँछ। त्यस्तो खानेकुरा सेवन गर्दा हामीलाई पेटको समस्या हुन्छ। वान्ता वा पखला लाग्न सक्छ।

**फूड प्वाइजन**

साङ्लाको कारण फूड प्वाइजन हुने संभावना रहन्छ। यसका साथै टाइफाइडको पनि समस्या हुनसक्छ। किनपनि यस्तो हुन्छ भने, साङ्ला सैलमोनेला नामक भाइरस फैलाउने प्रमुख श्रोत हो।

**एलर्जीको खतरा**

साङ्लाको कारण एलर्जीको समस्या हुन्छ। यसले छालामा समस्या ल्याउन



सक्छ। खासमा साङ्लाले मुखबाट रुँयाल निकाल्छ। त्यस्तो रुँयाल भान्साको कुनैपनि सामानमा रहनसक्छ। भाँडावर्तन, खानेकुरामा रुँयाल रहन्छ। साथै ओड्ने ओछ्याउनेमा पनि साङ्लाको रुँयाल रहन्छ, जसले एलर्जीको समस्या ल्याउँछ।

**ब्याक्टेरियाको कारण संक्रमण**

साङ्लाको पेटको जिवाणु खानामा पर्छ। यसले पाचन क्रियामा समस्या उत्पन्न गर्छ। एक अध्ययन अनुसार, जीवाणु सूडोमोनाज ऐरुगिनोसा साङ्लाको पेटमा हुन्छ। यो यूरिन ट्रेक्ट इन्फेक्सन, पाचन सम्बन्धी समस्या र सेप्सिसको कारण बन्छ।

**दमको समस्या**

साङ्ला दम रोगीका लागि त सत्रु नै हो। घरमा साङ्ला धेरै बढ्नु भनेको दम रोगीको लागि थप समस्या निम्त्याउनु हो।

**कसरी बच्ने ?**

- घरको सरसफाईमा विशेष ध्यान दिनुपर्छ। साङ्ला बस्ने कुनाकाप्चामा दिनहुँ सफा गर्नुपर्छ। किनभने त्यस्ता ठाउँमा साङ्लाले आश्रय लिने गर्छ।


लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट

प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# यदु स्मृति पत्रकारिता पुरस्कार शाहलाई

**मिसन न्यूज**

रुकुम– यसवर्षको यदु स्मृति पत्रकारिता पुरस्कार रुकुमका पत्रकार नारायणकुमार शाहलाई प्रदान गरिएको छ। १९ औं यदु स्मृति दिवसका अवसरमा सोमबार काठमाडौंमा आयोजना गरिएको यदु स्मृति पत्रकारिता पुरस्कार वितरण समारोहमा रेडियो सिस्ने रुकुमका स्टेशन प्रमुख समेत रहेका पत्रकार शाहलाई उक्त पुरस्कार प्रदान गरिएको हो । नेकपा एमालेका उपाध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री बामदेव गौतमले पुरस्कार प्रदान गर्नुभएको थियो। पुरस्कारको राशी १५ हजार रुपैयाँ रहेको छ। प्रतिष्ठानका अध्यक्ष एवं नेकपा एमाले रुकुमका उपाध्यक्ष ऋषिप्रसाद जैसीको अध्यक्षता एवं एमाले उपाध्यक्ष बामदेव गौतमको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । यदु स्मृति प्रतिष्ठान रुकुमको आयोजना र नेकपा एमाले रुकुम-काठमाडौं सम्पर्क मञ्चको व्यवस्थापनमा उक्त कार्यक्रम गरिएको हो। २०५५ साल फागुन २१ गते आम निर्वाचनको प्रचार प्रसारको कामको शिलशिलामा रुकुमको गरायला गाविसमा तत्कालीन नेकपा माओवादीका जत्थाले गौतमको हत्या गरेको थियो। स्वर्गीय यदु गौतम तत्कालीन समयमा नेकपा एमाले रुकुमका सचिव तथा प्रतिनिधि सभा निर्वाचनमा रुकुम क्षेत्र नं. २ बाट उम्मेदवार हुनुहुन्थ्यो । निर्वाचन नहुँदै उहाँको हत्यापछि श्रीमति तिर्था गौतम उम्मेदवार भई विजयी समेत हुनुभएको थियो। यदु गौतमको हत्यापछि यदु स्मृति प्रतिष्ठान गठन गरी विभिन्न क्रियाकलाप समेत सञ्चालन गर्दै आएको छ। विगत १६ वर्षदेखि हत्या हिंसाको विरुद्धमा कलम चलाउने पत्रकारलाई यसरी पुरस्कृत गर्ने कार्यक्रम गर्दै आएको छ। प्रतिष्ठानका उपाध्यक्ष भिउमान घर्तीको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा प्रमुख अतिथि नेकपा एमालेका उपाध्यक्ष बामदेव गौतम, उपाध्यक्ष युवराज ज्ञवाली, यदु गौतमकी श्रीमति तथा प्रतिनिधिसभा सदस्य तिर्था गौतम, नेकपा माओवादी केन्द्रका नेता जनार्दन शर्मा, नेकपा एमाले केन्द्रीय सदस्य खेममान खड्का र पुरस्कृत पत्रकार नारायणकुमार शाहले मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा राष्ट्रिय सभा सदस्य ठगेन्द्रप्रकाश पुरी र कोमल ओली, नेकपा एमालेका वैकल्पिक केन्द्रीय सदस्यहरु शेरबहादुर केसी र गुलागजङ्ग शाह लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण नेकपा एमाले रुकुम-काठमाडौं सम्पर्क मञ्चका अध्यक्ष पुस्तक चन्दले गर्नुभएको थियो।




## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि
स्वास्थ्य परिक्षण गरौ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ
नखाउा र नखुऔ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ,
सफा र स्वस्थकर तरिका अपनाऔ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि
मात्र खाऔ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

## सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौ, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार र

सिंचाइ विकास सव डिभिजन कार्यालय
कालिकोट

उच्च ज्वरो आउाने, खोकी लाग्ने, घााटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउानुहोस्।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय

Ih Nnf :j f:Yo s fof{o s flns f6

# अन्तराष्ट्रिय न्यूज

## श्रीलंकाले चीनलाई हम्बनटोटा बन्दरगाह प्रयोग गर्न दिने



एजेन्सी
कोलम्बो - श्रीलंकाले हम्बनटोटा समुद्री बन्दरगाह चीनलाई प्रयोग गर्न दिने भएको छ । हम्बनटोटा विकास तथा नियन्त्रण आयोजनाका लागि दुई देशबीच १.१ अर्ब डलरको सम्झौतामा हस्ताक्षर भएको हो ।

सम्झौतासँगै चीनले उक्त बन्दरगाह ९९ वर्षका लागि लीजमा पाउनेछ । साथै १५ सय एकड जमीन औद्योगिक क्षेत्रका लागि प्राप्त गर्ने बताइएको छ ।

बन्दरगाह चिनियाँ सेनाले प्रयोग गर्न सक्ने भन्दै चिन्ता जाहेर भएका बेला श्रीलंकाली सरकारले चीनले व्यापारिक कारोबार मात्र गर्ने विश्वास दिलाउँदै सम्झौता गरेको बीबीसीले जनाएको छ। श्रीलंकाका प्रधानमन्त्री रनील विक्रमसिंघेले सुरक्षामा कुनै प्रभाव नपर्नेगरी मुलुकको हितमा सम्झौता गरिएको बताए ।

यो बन्दरगाह एशिया र युरोपको समुन्द्री सामान ओसारपोसार गर्ने मुख्य मार्गको निकटमा पर्छ ।

श्रीलंकामा गृहयुद्ध अन्त्य भएसँगै सन २००९ देखि चीनले ठूलो लगानी गरेको छ ।

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज नरहनुहोस बेखवर गाउँदेखि सहर ।**

MISSION

मिसन न्यूज
राष्ट्रिय
साप्ताहिक

www.missionenews.com

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**जिल्ला वन कार्यालय**
**कालीकोट**
फोन नं. ०८७-४४०००२

## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैंक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैंक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# संस्थानको चामल गाउँमा पुगेन सदरमुकाममा बिकेन

**मिसन न्यूज**

**कालिकोट–**सरकारले ढुवानी अनुदानमा उपलब्ध गराउने चामल सदरमुकाम मान्मस्थित खाद्य संस्थानको गोदाममा बिक्री नभएर थन्किए पनि गाउँमा पुगेको छैनरु। जिल्लाका दुर्गम पलाता र पचालझरनाको थिर्पु खाद्य डिपोमा भने चामल अभाव छ। भएको केही चामल हारालुछ भएको छन्। सदरमुकामलाई सडक सञ्जालले जोडेपछि चामल बिक्री हुन छाडेको छ तर दुर्गम गाउँका डिपोमा भने चामल अभाव छ। मान्ममा खाद्यको शाखा कार्यालय छन्। जिल्लाका थिर्पु, पादमघाट र खल्लागाडमा गरी ३ ठाउँमा डिपो छन्। सडक पचुह नभएको नरहरिनाथको कुमालगाउँ र रास्कोटमा डिपोको माग भएको दशक पुगे पनि अझै स्वीकृत भएको छैन्।



सडक नहुँदासम्म दैनिक एक सय क्वीन्टल चामल बिक्री हुने मान्मस्थित खाद्य संस्थानमा अचेल सरदर दैनिक ६ क्वीन्टल मात्र बिक्री हुने गरेको शाखा प्रमुख झक्कुप्रसाद आचार्यले बताएरु। 'चामल खासै बिक्री हुने गरेको छैन,' उनले भने, 'धेरैजसोले बजारका पसलबाटै किनेर खान्छन्।' उनले सदर मुकाममा चामल लिन आउनेको संख्या थोरै भए पनि गाउँमा चामलको अभाव हुने गरेको सुनाए। खाद्य संस्थानमा आएर मान्म आसपासका स्थानीयले मात्र चामल लिने गरेका छन्। कर्णालीका अन्य जिल्लामा ढुवानी समस्याले चामलको अभाव भए पनि कालिकोटको खाद्य संस्थानमा अघिल्लो वर्षकै चामल मौज्दात छन्। विगतका वर्षमा प्रायः दसैंको बेला चामलको अभाव हुने कालिकोटमा यस वर्ष अघिल्लो वर्षको १ हजार ७ सय ८१ क्वीन्टल मौज्दात छरु। सडक नहुँदासम्म वार्षिक १५ हजार क्वीन्टल चामलको कोटा निर्धारण गरिएको हुन्थ्यो। यस वर्ष २ हजार ५ सय ८० क्वीन्टल मात्र स्वीकृत भएको शाखा प्रमुख आचार्यले बताएरु। उनका अनुसार हालसम्म १ हजार ७ सय ११ क्वीन्टल चामल मान्म पुगिसकेको छन्। चालु आवमा सबैभन्दा बढी चामल खपत थिर्पु डिपोमा भएको छ। हालसम्म ६ सय ९९ क्वीन्टल ८० केजी ढुवानी भएकोमा सबै बिक्री भइसकेको छरु। अहिले डिपो रित्तै छ। पादमघाट डिपोमा २ सय र खल्लागाडमा ४३ क्वीन्टल मात्र बाँकी छरु। 'सडक पुगेपछि सदर मुकाममा चामल अभाव हुन छाड्यो,' खाद्य संस्थानका पुराना कर्मचारी तिलक खनालले भने, 'पहिले त चामल बेच्ने दिनमा भीड नियन्त्रण गर्न प्रहरी बोलाउनु पर्थ्यो।' बजारमै रोजेर चामल किन्न पाइने भएकाले खाद्य संस्थान जान छाडेको मान्म बजारकी कमला शाहीले बताइन्। 'बजारमा नपाए पो खाद्यमा जाने हो,' होटल व्यवसायी शाहीले भनिन्, 'अचेल जताततै रोजेर छानेर चामल पाइन्छरु। किन जानूरु?' उनले खाद्यको मोटा चामल रक्सी बनाउन मात्र काम लाग्ने गरेको बताइन्। कर्णाली लोकमार्ग सुर्खेत-जुम्ला सडक नियमित भएपछि विनियोजित सबै चामल जिल्लामा पुग्नु, स्थानीय व्यापारीले पनि चामल स्टक राख्नु, गहुँ र मकै बालीको उत्पादनमा वृद्धि हुनु, कर्णाली नदीपारि पर्ने एक दर्जन बढी गाविसका बासिन्दा खाद्य संस्थानको चामल लिन सदरमुकाम मान्मभन्दा जिते बजार जानु, कर्णाली करिडोर खुलालु हुम्ला सडकको ३० किमिसम्म ट्रयाग खुल्नुजस्ता कारणले चामल मौज्दात रहेको खाद्य संस्थानले जनाएको छन्। खाद्य संस्थानले शतप्रतिशत ढुवानी अनुदानमा उपलब्ध गराउने सोना मन्सुलीको प्रतिकेजी ४८ र मोटा जापानिजको ३५ रुपैयाँ पर्ने गरेको छ। 'अन्यत्र चामल पाए सस्तोका

**बाँकी ८ पृष्ठमा..**


## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आगन सफा राखौं, किटजन्य रोग भगाऔं**
**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख) एवं**
**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट**

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

## संस्थानको चामल......

लागि मात्र खाद्यमा लाम बस्न जनता नआउने रहेछन् ' खाद्य संस्थानमा १८ वर्षदेखि काम गर्दै आएका खनालले भने, 'सडक पुगेपछि स्थानीय बजारबाटै धेरैजसो खाद्यान्न खरिद बिक्री हुने गरेको छ। ' खाद्य संस्थानको भर पर्नुपर्ने अवस्था अहिले नभएको र बजारका खाद्य तथा किराना पसलमै पर्याप्त चामल पाइन थालेको कालिकोट उद्योग वाणिज्य संघका अध्यक्ष सूर्यबहादुर शाहीले बताएरु। 'गाउँमा त अभावै छ,' उनले भने, 'सदरमुकाममा समस्या छैन, सडक पुगेपछि प्रत्येक वर्ष चामल मौज्दात र हने गर्छन ।'

कालिकोटमा सडक पुगेपछि चामलको सिफारिस माग्न स्थानीयवासीले जिल्ला प्रशासन धाउन छाडेको निमित्त प्रजिअ राजकुमार दुलालले बताए । 'पहिले त प्रशासनमै चामलको कुपन माग्नेको भीड लाग्थ्यो रे,' उनले भने, 'त्यो सुनेर अचेल त विश्वास नै लाग्दैन।' सधैंजसो खाद्यान्न अभाव हुने खिन, धौलागोह, थिर्पु, नानीकोट र राम्नाकोटका बासिन्दा पनि चामल लिन सदरमुकाम आएका छैनन् । कान्तिपुरबाट

## भन्सार छलेर..................

फस्टाउँदा लोकतान्त्रिक शासन व्यवस्थाले अपेक्षा गरेअनुरूप प्रतिस्पर्धाको समान अवसर पनि गुम्न थालेको विज्ञहरुको बुझाइ छ । कालोबजारी र राजस्व छली गर्नेले मात्र मौका पाए भने त्यसले मुलुकमा धनी र गरिबबीचको सन्तुलन बिग्रने खतरा बढेको छ । नेपालको कुल व्यापारको दुई तिहाइभन्दा धेरै हिस्सा ओगटेको भारतसँग नेपाली व्यापारीले कारोबार गरेर भन्सार राजस्व छली गर्दा मुलुकको अर्थतन्त्र प्रभावित हुने निश्चित भउको कर्णाली प्रदेश सांसद गुलावजंग शाहले बताए । भान्सार छली गरेर चोरी तस्करीको सम्भावित जोखिम बढ्ने खतरा पनि उत्तिकै छ। सरकारले समग्र अर्थतन्त्रमा पर्ने प्रभावको विश्लेषण गर्दै त्यसैअनुरूपको रणनीति कार्यान्वयनतर्फ ध्यान दिएको अनुभूति हुन नसकेको इमान्दार व्यपारीहरुको बुझाइ छ । सरकारले सिमा क्षेत्रमा भएको भन्सार कार्यालयले गरेको विकृतिलाई सजक नगराए नेपाललाई थप गरिव बनाउने काम हुने जानकारहरु बताउँछन्। भन्सार को मिलिमतोमा तामा भाडाँ राजस्व छलेर गाउँमा विक्री गरेमा राज्यले अर्बौं राजस्व गुमाउने अवस्था आउनेछ।

**(भ्रष्टाचार विरुद्धको सहकार्यःसुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०**

**फ्यक्स नं. ०८३–५२३८८४**

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२**

**ईमेल** ciaasurkhet@gmail.com

### स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ

### सरसफाई बारे.............

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**

## दिगो तथा न्यायोचित विकास प्रतिष्ठान, कालीकोटको सुची दर्ता सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति: २०७४।११।१६**

यस कार्यालयमा २०१८ को लागी आवश्यक तपशिल बमोजिमका सरसामान तथा सेवाहरु आवश्यक भएकोले, उपलब्ध गराउन ईच्छुक इजाजत प्राप्त ब्यक्ति, फर्म, कम्पनीबाट सुचीदर्ताका लागी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा सुची दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ ।

१. सामान आपुर्ति तथा सेवा सम्बन्धी
२. कार्यालयका सामान (स्टेशनरी तथा मसलन्द)
३. पुर्वाधार निर्माण सम्बन्धी सामग्री तथा सेवा (खानेपानी तथा सिचाई)
४. छपाई सम्बन्धी
५. गाडी भाडा
६. कृषि तथा पशुपालन सम्बन्धीका आवश्यक सामग्री तथा सेवा (एग्रोभेट)
७. फर्निचर तथा फर्निसिङ सेवा
८. तालिम, कार्यशाला तथा बैठकका लागी खाना, नास्ता, हल तथा उचित आबासका लागी सेवा
९. प्रिन्ट तथा फोटोकपी
१०. सुचना प्रकाशन तथा प्रसारण

**दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरुः**

क) फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
ख) फर्म नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी
ग) स्थायी लेखा नम्बरको प्रतिलिपी
घ) नियमानुसारको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

**द्रष्टव्य :**

१. आफ्नो फर्मले जुन कार्य गर्नका वा सामान आपुर्ति वा सेवा दिने इजाजत प्राप्त गरेको हो सोही समुहको लागी मात्र सुची दर्ता गराउनु पर्नेछ।
२. माथी उल्लेखित प्रत्येक समुहका लागी छुटाछुटै दरखास्त दर्ता गराउनु पर्नेछ ।
३. म्याद नाघी पेश भएको वा आवश्यक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संग्लन्न नभएको वा रित नपुगेका निवेदन माथी कुनै कारबाही गरिने छैन।
४. यस सुचना अनुसार दर्ता भएको सुची २०१८ को लागी मात्र मान्य रहनेछ।

**थप जानकारीका लागी**

दिगो तथा न्यायोचित विकास प्रतिष्ठान (सेडा नेपाल)
शाखा कार्यालय, खाँडाचक्र न.पा. कालीकोट
फोन : ०८७–४४०१९२
इमेल :sedanepalkalikot2003@gmail.com

## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पूर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई,घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**जिल्ला समन्वय समिति**
**कालिकोट**